मिति २०८० भाद्र ३० गते शनिबार (ई.सं. [illegible]) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा समायोजन ऐन,२०७५ बमोजिम स्वास्थ्य सेवा तर्फका कर्मचारीहरू मूल समायोजनबाटै समायोजना भै कार्यरत १२ जना कर्मचारी,कर्मचारी मिलान सम्बन्धी कार्यविधि,२०७७ बमोजिम समायोजन मिलान भई कार्यरत १० जना कर्मचारी र अन्य १ जना गरी जम्मा २३ जना कर्मचारीहरूको गत आ.व.मा भुक्तानी हुन बाँकी र चालु आ.व.२०८०/०८१ को समेत तलब भत्ता चालु आ.व. २०८०/०८१ मा बजेट व्यवस्था गरिएकाले ती कर्मचारीहरूलाई तलब भत्ता भुक्तानी दिई नियमितरूपमा कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकाका बहुवर्षिय आय ठेक्काको शुरु ठेक्का सम्झौता र नवीकरण गर्दाको बखत कबोल अंकको ५०% रकम र बाँकी ५०% रकम विभिन्न समयमा दाखिला गर्ने गरी ठेक्का संझौता र नविकरण हुदै आईरहेकोमा ठेकेदारद्वारा आर्थिक वर्षको अन्तमा मात्र रकम दाखिला गरी रकम असुलीमा समस्या र सम्झौताको पालना नभएको देखिएकोले यस उपमहानगरपालिकाबाट बहुवर्षिय रूपमा सम्झौता गरिएका सम्पूर्ण ठेक्काहरूको चालु आ.व. २०८०/०८१ देखि कबोल रकमको १३ महिना समय अवधि रहेको बैंक जमानत र शुरु एक महिनाको रकम लिई आय ठेक्का सम्झौता वा नवीकरण गर्ने र प्रत्येक महिनाको शुरूमै ७ गते भित्र वार्षिक भाडा रकमको दामासाहिले १ महिनामा बुझाउनु पर्ने रकम अनिवार्य रूपमा बुझाउने गरी ठेक्का सम्झौता र नवीकरण गर्ने । साथै तोकिएको समयमा रकम जम्मा नगर्ने ठेकेदारलाई १०%का दरले हुन आउने जरिवाना लिने शर्त राखी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ को च.नं. ३५८३ मिति २०८०।२।१ को पत्रबाट सिफारिस भएको माथिल्लो चुकिले जल उपभोक्ता समूहअन्तरगत २०७९ भाद्रमा चुकिले खोलामा आएको बाढीले कुलोको ड्याम भत्काएको हुदा सिचाईमा समस्या भएकोले मर्मत सम्भारका लागि ल.ई सहित सिफारिस भएकोले उक्त कार्यको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिकामा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण सम्वन्धी कार्यक्रमको लागि सुपरीवेक्षक तथा गणक छनौटका लागि आवश्यक सम्पूर्ण अधिकारसहित तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।





राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

तपसिल

१.श्री रामबहादुर केसी प्रमुख प्रशासकीय अधिकृत संयोजक

२. श्री विष्णुकुमारी आचार्य अधिकृत आठौं सदस्य

३. श्री बाबुराम न्यौपाने अधिकृत छैठौं सदस्य

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका कार्यविधि तथा मापदण्डहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. तुलसीपुर उपमहानगरपालिका पर्यटन विकास कार्यविधि,२०८०

२. तुलसीपुर उपमहानगरपालिका कर्मचारी व्यवस्थापन मापदण्ड,२०८०

३. तुलसीपुर उपमहानगरपालिका किसान क्रेडिट कार्ड वितरण कार्यविधि,२०८०

निर्णय नं. ६

रोटरी क्लब अफ तुलसीपुर सिटीको मिति २०८०।३।३१ गतेको पत्रबाट तुलसीपुर घोराही सडक खण्डको बरूवागाउले कुलो देखि हात्तीखौवासम्मको सडकको बीचमा रहेको ग्रिनबेल्ट संरक्षण,संवर्द्धन तथा हरियाली व्यवस्थापन गरी रोटरी ग्रिनबेल्ट बनाउन निवेदन प्राप्त भएकोले ग्रिनबेल्टका सौन्दर्यतामा कुनै प्रकारको खलल नपर्ने गरी र उपमहानगरपालिकाको समन्वयमा कार्य गर्ने गरी संरक्षणको जिम्मेवारी दिने निर्णय गरियो । साथै भवनको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्न वडा नं ५,६ र ७ लाई समन्वय गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ७

तुलसीपुर उपमहानगरपालिका ,वडा कार्यालयहरू तथा विभिन्न शाखा, महाशाखा र कर्मचारी उपर सम्मानीय सर्वोच्च अदालत,उच्च अदालत र जिल्ला अदालतमा पर्ने कुनै पनि मुद्धा उपर मुद्दामा लिखित जवाफ दर्ता गर्ने/तारेखमा रहि पुर्पक्ष लगायतका सम्पूर्ण कार्य गर्नका लागि यस कार्यालयका सहायक स्तर पांचौं तहमा कार्यरत श्री हुमबहादुर विकलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

रामबहादुर केसी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. ८

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ मा रहेको मा.वि. हरिपैरीको जग्गामा सञ्चालनमा रहेको तुलसीपुर मेट्रो कलेजको नवनिर्मित भवनले भोगचलन गरेको जग्गामा निर्माण भएका घरटहराहरू व्यवस्थापन गर्ने सम्बन्धी समितिका संयोजक एवं १२ नं. वडा अध्यक्ष श्री खुसीराम चौधरी ज्यूको अध्यक्षतामा बसेको बैठकबाट तपसिल बमोजिकका व्यक्तिहरूलाई जनहि ५००००।(पचास हजार) रकम उपलब्ध गराई घरटहराहरू हटाई व्यवस्थापन गर्ने निर्णय भएकोले सो निर्णयलाई सदर गर्दै तपसिल बमोजिमका व्यक्तिहरूलाई जनही ५००००।(पचास हजार मात्र) उपलब्ध गराई घरटहराहरू व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

१.शोभाराम चौधरी

२.पदम चौधरी

३.राजकुमार चौधरी

४.सुनिता चौधरी

५.भुवन चौधरी

६.रामपती चौधरी

७.दुर्गा कुमारी नेपाली

निर्णय नं. ९

तुलसीपुर उपमहानगरपालिकाभित्र रहेका भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई प्रभावकारी व्यवस्थापन गरी लालपुर्जा वितरण गर्ने यस पालिकाको उद्देश्य बमोजिम सो कार्यलाई विवाद रहित,सरल,सहज,पारदर्शि र व्यवस्थित गर्नका लागि तपसिल बमोजिमका कार्यहरू गर्ने निर्णय गरियो ।

क) भूमिहीन दलित, अव्यवस्थित बसोबासीको लगत फाराम संकलन गर्ने समयमा अव्यवस्थित बसोबासीको हकमा जग्गाको श्रेस्ता हाल कायम नरहेको र स्थानीय तहको मूल्याङ्कन सिफारिस नरहेको अव्यवस्थित बसोबासीको न्यूनतम रू १ मूल्याङ्कन राखी फाराम अपलोड गर्ने ।



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०/०५/३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

ख) सम्बन्धित वडा कार्यालयबाट कम्तीमा ३ पटक सूचना प्रकाशन गर्दा जग्गाको मूल्याङ्कनको पत्र संलग्न गर्न सम्पर्कमा नआउने जग्गाको भोगचलनकर्ताको फारामको अभिलेख वडा मै राख्ने र बाकी रहेका नियमअनुसार उपलब्ध भएका फाराम अपलोड गर्ने ।

ग)जग्गाको नापनक्साङ्कन कार्य वडा कार्यालयबाट फाराम अपलोड गर्ने प्रयोजनका लागि पेश भएको अन्तिम मितिको आधारमा क्रमश : सूचना प्रकाशन नाप नक्सांकनलाई अगाडि बढाउने ,

घ) नापीको टोली बमोजिम आवश्यक कर्मचारी तोक्ने । एउटा टोलीमा आवश्यक्तानुसार दुई जना कार्यालय सहयोगी वा चेनमेन दैनिक ज्यालादारीमा राख्ने ।

ङ)वडा कार्यालयबाट फारामहरू २०८० /०७/५ गतेसम्म अपलोडका लागि उपलब्ध नभएमा अन्य उपलब्ध फारामहरूको नियमानुसार प्रक्रिया अघि बढाउने ।

च)एउटै व्यक्तिको २ वटा वडामा निवेदन पेश गरेको भेटिएमा वा जग्गा भोगचलन कर्ताले सूचना प्रदान गरेमा सम्बन्धीत वडा कार्यालयको सिफारिसको आधारमा एउटै फाराममा उल्लेख गरी अपलोड गर्ने र सोको लागि १५ दिने सूचना प्रकाशन गर्ने ।

छ) जग्गाको प्रकृतिका( लगत फाराममा उल्लेख गरिएको जग्गाको प्रकृतिमा ) त्रुटी भेटिएमा त्रुटी पत्ता लागेकै समयमा सच्याउने र नापजांचको समयमा जग्गाको प्रकृति पत्ता लगाई सोही अनुसार जग्गाको हक हस्तान्तरणको प्रकृया अघि बढाउने साथै रूजु गर्दा जग्गाको प्रकृति रूजु गर्ने कर्मचारीलाई जानकारी नहुने भएकाले नापजाचको समयमा नियमानुसार हुने ।

ज) परिवारमुलिको मृत्यु वा सम्बन्ध बिच्छेद भएमा सम्बन्धीत वडा कार्यालयको सिफारिसका आधारमा परिवारमुलिको नामथर संशोधन गरी प्रकृया अघि बढाउने ।

झ) यस तुलसीपुर उपमहानगरपालिकालाई राष्ट्रिय भूमि आयोगको राष्ट्रिय भू सूचना प्रणाली प्राप्त( NALCLS )को user id र password भूमि व्यवस्थापन शाखाको प्रमुखलाई मात्र उपलब्ध गराईएकोमा सो user id र password फाराम रूजु गर्न कार्यपालिका बैठकबाट तोकिएका कर्मचारीलाई प्रदान गर्ने र तोकिएको वडाको रूजु गर्ने तथा DATA को सुरक्षाको जिम्मा सम्वन्धित कर्मचारीको हुनेछ । फाराम रूजु गर्न तोकिएको व्यक्तिलाई प्रति फाराम रू १५। उपलब्ध गराउने ।

ञ) कुनै वडामा बिग्रिएको वा नष्ट भएको फारामलाई अपलोड गर्नका लागि सम्वन्धित वडाबाट तहां रहेको अभिलेखको आधारमा पुनरलेखन गरी अपलोडका लागि पठाउने निर्णय गरियो ।



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १०

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तरगत जनस्वास्थ्य प्रवर्द्धन शाखामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारी सि.अ.न.मि. सहायकस्तर पाँचौ तह श्री कमलाकुमारी गिरीलाई बि.एन. एस् र जनस्वास्थ्य निरीक्षक रविन्द्र नेपालीलाई एकिकृत प्रवेश परीक्षा स्नातक तहको परीक्षामा अध्ययन पूर्व स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लुम्बिनी प्रदेशलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको घरेलु तथा शिल्पकलाको भवन साविक पञ्चायती व्यवस्थामा महिलाहरूको सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्न प्रयोगमा आएको, तत्कालिन अवस्थामा जिल्ला विकास समितिको कार्यालय दाङले भाडामा लगाउदै आएको र हाल जिल्ला समन्वय समितिको उद्देश्य बमोजिम त्यस किसिमका कार्य गर्नका लागि कुनै पनि कानुनी प्रावधान नभएको तथा त्यस्तो कार्य गर्ने व्यवस्था नेपालको संविधानले स्थानीय तहलाई नै दिएको हुदा हाल यस उपमहानगरपालिकाका महिलाहरूको सीप विकास गरी सर्वागिण विकासका लागि उक्त जग्गा र भवनको आवश्यकता भएकोले सो भवन र जग्गा तत्काल यस उपमहानगरपालिकालाई हस्तान्तरण गर्न नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट प्रदान गरिएका घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र समयमा नवीकरण गराउन छुट हुन गएका व्यवसायीहरूको इजाजपत्र तुलसीपुर उपमहानगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ को दफा ३ बमोजिमको म्याद नाघि दफा ४ बमोजिम खारेजीमा परेका तपसिल बमोजिमका घ वर्गका निर्माण व्यवसायी ईजाजतपत्रहरू आर्थिक समितिको सिफारिस अनुसार घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र अन्तिम एक पटकको लागि लाग्ने कुल राजश्व सहितको दोव्वर विलम्व शुल्कलिई नवीकरण गर्ने निर्णय गरियो ।

क) पि.एण्ड वि कन्स्ट्रक्सन, प्रो प्रभात थापामगर र विज्ञान थापा

ख) अष्ट भैरव कन्स्ट्रक्सन , प्रो. अनुप पाण्डे ,

ग) पि.के कन्स्ट्रक्सन , प्रो कर्णबहादुर थापा,

घ) ब्लुग्रीन कन्स्ट्रक्सन हरिश गिरी



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १३

तुलसीपुर उपमहानगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ मा उल्लेख भएबमोजिमको आवश्यक कागजात सहित निवेदन पेश भएका फर्महरूलाई कार्यविधिको दफा २ बमोजिम निर्माण व्यवसायी इजाजतपत्र प्रदानगर्न उपर्युक्त देखि आर्थिक विकास सिमितिले सिफारिस गरेका तपसिल अनुसारका निर्माण व्यवसायीलाई घ वर्गको ईजाजत प्रदानगर्ने निर्माण गरियो ।

क) हाई हिमालयन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि तु.उ.म.न.पा ६ प्रो जय प्रकाश डिसी,

ख) लानेश्वर कन्स्ट्रक्सन तु.उ.म.न.पा ९ प्रो जेनिस कवर सगर,

ग) के.एल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि तु.उ.म.न.पा १२ प्रो कविन रजौरे,

घ) एभरग्रिन कन्स्ट्रक्सन तु.उ.म.न.पा. ३ प्रो अजय गिरी

निर्णय नं. १४

तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेको वधशाला, आलुमण्डी, साफावजार र अटोभिलेजका सटरहरूमा यस कार्यालयसंग भएको सम्झौता र आर्थिक ऐनअनुसार भाडादर भुक्तानी गरी विगतलामो समयदेखि व्यवसाय सञ्चालन गर्दै आइरहेका व्यवसायीहरूसंगको सम्झौता रद्ध गरी उक्त वधशाला आलु मण्डी, साफावजार र अटोभिलेजका सटरहरूवाट भाडा असुल गर्न नयाँ ठेक्का प्रक्रियावाट व्यवस्थापन गर्ने र उक्त ठेक्काको न्युनतम ठेक्का अंक आर्थिक विकास समितिको सिफारिश अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा) संकलन र उत्खनन गर्नका लागि विभिन्न स्थानहरू IEE गर्नकालागि सम्वन्धित वडाहरूवाट रायमाग गरिएकोमा आई इ.इ गर्न उपयुक्त छ भनि उपलब्ध गराएको रायको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रक्रिया शुरू भईसकेको तपसिल बमोजिमका स्थानहरूको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

| नदी/खोला | प्रभावित वडा |
|---|---|
| १.मानपुरे बाँध र मलबारे बाँधक्षेत्र,ग्वारखोला टेलिया कुलो बाधदेखि ५०० मिटर माथिको क्षेत्रमा | वडा ४, ७, १९ |
| २. पत्रे र सग्राम दोभान क्षेत्र | वडा १७ |

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

| | | |
|---|---|---|
| ३.बबई नदी पक्कीपुलको पूर्व शितलपुर क्षेत्र | वडा | १२,१३ |
| ४. बबइ नदी पक्कीपुलको पश्चिमशितलपुर क्षेत्र | वडा | ११,१३ |
| ५. भोजपुर घाट | वडा | १४ |
| ६. गोठुवा गनार बबई नदी र ग्वार खोलाको दोभान | वडा | १४ |
| ७. हापुर खोला र बबई नदी दोभान | वडा | १४ |
| ८. हापुर खोलाको कोठरी पुलदेखि ५०० मिटर दक्षिणतर्फ | वडा | १५ |
| ९.ललौरा भोजपुर जाने पुलदेखि दक्षिण तर्फको क्षेत्र | वडा | १६ |
| **पातुखोला** | | |
| १०. भमके खोला र पातु खोला दोभान उत्तर एरिया | वडा | ८ |
| **भमके खोला** | | |
| ११. पक्कीपुलको दक्षिण बटौलपुर क्षेत्र | वडा | ८ |
| १२.पक्कीपुलको उत्तर बटौलपुर क्षेत्र | वडा | ८ |
| **गहते खोला** | | |
| १३. गहते खोलापुलदेखि दक्षिण तर्फको क्षेत्र | वडा | ८ |

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र **नदीजन्य पदार्थ** (ढुंगा, गिट्टि, वालुवा) संकलन र उत्खनन् गर्नका लागि विभिन्न स्थानहरू IEE गर्नका लागि सम्बन्धित वडाहरूबाट राय माग गरिएकोमा आई इ.इ गर्न उपयुक्त छ भनि उपलब्ध गराएको रायको आधारमा तपसिलका स्थानमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE)गर्ने निर्णय गरियो ।

| नदी/खोला | प्रभावित वडा |
|---|---|
| **बबईनदी** | |
| १. वेलटाकुरा मसानघाट क्षेत्र | ११ |
| २.मोतिपुर घाट क्षेत्र | ११ |
| ३. सुकौरा मसान घाट क्षेत्र | ११ |
| **पातु खोला** | |
| ४.सुकौरा घाट देखिउत्तर तर्फको क्षेत्र -बनगाँउ) | ११ |
| ५.सुकौरा पुल देखि दक्षिण तर्फको क्षेत्र | ११ |
| ६.सुकौरा पुल देखिउत्तर तर्फको क्षेत्र११ | |
| ७. ढ्वाङ्पुर जितपुर घाट क्षेत्र | १४ |
| ८. डबकपुर घाट क्षेत्र | १४ |

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १७

तुलसीपुर उपमहानगरपालिकाको आ.व. ०७९/०८० मा ठेक्का नं. रा. ०२ बाल उद्यान, सार्वजनिक शौचालय, चमेना गृह व्यवस्थापन तथा पूर्वाधार ठेक्का कबोल गर्ने दुर्गा कन्स्ट्रक्सनले मिति २०८०/०३/२९ गते दिएको निवेदनअनुसार ठेक्का सम्झौता पत्रमा भुलवस मिति २०७९/०४/०१ गते देखि भाडा लाग्ने बुँदा समावेश भएकोले सम्झौताको मितिभन्दा अगाडि पुरानो भाडादरमा र सम्झौताको मिति देखी नयाँ भाडादरमा बुझाउने निवेदन पेश गरेको सन्दर्भमा माग उपयुक्त देखिएकोले संझौताको मिति भन्दा अगाडिको पुरानो भाडादरमा दामासाहिले भाडा असुलगर्ने निर्णय गरियो ।

निर्णय नं. १८

तुलसीपुर उपमहानगरपालिका प्राकृतिक श्रोत परिचालन तथ ।अनुगमन समितिको अगुवाईमा मिति २०८०/०४/२६ गते नदीजन्य पदार्थहरूको अनुगमन गर्दा अवैध तरिकाबाट संकलन गरिएको १८४ ट्रिप ढुंगा विभिन्न स्थानमा घाटगद्दी गरिएकोमा उक्त ढुंगाहरू जफतगर्दा लागेको सम्पूर्ण लागतखर्च ( प्रयोग भएका सवारी साधनको भाडा, ईन्धन, सुपरभाईजर, अपरेटर, चालक सहचालकको भत्ता, खानाखर्च तथा अन्यखर्च) जोडि नियमानुसार लाग्ने दस्तुर लिई न्यूनतम लागत मूल्याङ्कन गरी लिलाम प्रक्रियाबाट बिक्रीवितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

तुलसीपुर उपमहानगरपालिकाअन्तर्गत विभिन्न खोला नदीमा रहेको नदीजन्य पदार्थ उत्खनन्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आई ई ई) गर्ने प्रक्रिया कै चरणमा रहेको र नियमानुसार असोज १ गतेदेखि नदीजन्य पदार्थ खुल्लागर्न समय लाग्ने र नियमित नदीजन्य पदार्थको चोरी निकासी हुन सक्ने सम्भावना समेत रहेकोले उपमहानगरपालिकाको राजश्व समेत गुम्न सक्ने अवस्था भएकोले कार्यालयले तोकि दिएको तपशील स्थान (घाट) हरूमा बडा कार्यालयको प्रत्यक्ष निगरानीमा ठेक्का प्रक्रिया पुरा नहुँदासम्म कार्यालयको नगदी रसिदको प्रयोग गरि नियमानुसार नदीजन्य पदार्थ बिक्रिवितरण गर्ने निर्णय गरियो ।

तपशील

(क) बबई नदी शितलपुर पक्की पुलदेखि पूर्वतर्फ

(ख) बबई नदी शितलपुर पक्की पुलदेखि पश्चिमतर्फ



राम बहादुर के.सी.

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

(ग) ग्वारखोला समावेशी क्रसरदेखि दक्षिणतर्फ

(घ) ग्वार खोला हात्ती थुम्का क्षेत्रनेर

(ङ) गहते र पातुखोला दोभान

(च) पातुखोला चैलाही कुलोदेखि ५० मिटर दक्षिण

(छ) पातुखोला गैरापातुदेखि सातवासससम्म

(ज) गहते खोला शिवपुरदेखि उत्तरतर्फ

(झ) हापुर खोला दोभान

(ञ) ग्वारखोला मानपुरे बाँधदेखि उत्तरतर्फ

(ट) ग्वारखोला मल्वारे बाँधदेखि उत्तरतर्फको क्षेत्र

निर्णय नं. २०

तुलसीपुर उपमहानगरपालिकाले आ.व. ०८०/०८१ का लागि जडिबुटि, कवाडि, जीवजन्तु व्यवसायिक उपयोग कर संकलनका लागि न्युनतम कबोल अंक रू.४०,००,०००।- (चालिस लाख) तोकि मिति २०८०/०२/३१ र मिति २०८० /०४/०५ गते विद्युतिय बोलपत्र आह्वान गरिएकोमा दुई(२) पटक कुनै पनि बोलपत्रदर्ता हुन नआएकोले अब पुन : एक पटक रू.४०,००,०००। (चालिस लाख) भ्याट बाहेक मन्जुर गरी (डाँक बढाबढ नगराई) लिन चाहनेलाई ७ (सात)दिनको समायवधि राखी सूचना प्रकाशित गर्ने र उक्त समय सिमासम्म पनि कुनै प्रस्ताव नआएमा बांकि अवधिका लागि न्युनतम रकम रू. ३६,००,०००। राखी डाँक बढावढको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २१

दाङमा हवाई सेवाको प्रभावकारी तथा भरपर्दो व्यवस्थापन गरी दाङ जिल्लासंग व्यापारीक तथा अन्य कारणले सामिप्यता भएका राप्ती अन्चल भित्रका पहाडी जिल्लामा समेत हवाई सेवा उपलब्ध गराउन साविक टरीगाउ गा.वि.स. नक्सा नं. १ ग कि.नं. २७४ को ३-०-०-० (तीन विगाह) कपास विकास समितिको नाममा दर्ता श्रेष्ता रहेको जग्गा नागरिक उड्डयन प्राधिकरणले हकभोग गर्ने गरी नामसारी गर्नका लागि सम्बन्धीत निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. २२

मिति २०८० भाद्र ३१ गते पर्ने आदिवासी भूमिपुत्र थारूहरूको महानपर्व अटवारीका दिन सार्वजनिक बिदा दिने सम्बन्धी प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट नगरप्रमुख समक्ष पेश भै अनुमोदन गर्ने गरी २०८०।५।२९ गतेको निर्णयबाट भाद्र ३१ गते दिइएको सार्वजनिक बिदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

महिलाहरूको महान चाड हरितालिका २०८० को पावन अवसरमा समस्त आमा,दिदी बहिनीहरूमा सुस्वास्थ्य एवं दिर्घायूको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र चालु आ.व. २०८०/०८१ मा विपदका कारण क्षेति भएकालाई तपसिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

१.घरगोठ : जस्ता पाता वा रू २५,०००।

२.बीउबिजन तथा खाद्यान्न : रू ५,०००। वा मालपोत छुट

३. गाईगोरू : प्रतिगोटा ३०००। वा अधिकतम २५,०००।

४. भैसी/रागा : प्रतिगोटा ५,०००। वा अधिकतम २५,०००।

५. हांस/कुखुरा : प्रतिगोटा १००। वा अधिकतम २५०००।

६.माछा : प्रतिगोटा १००। वा अधिकतम २५,०००।

निर्णय नं. २५

तपसिल बमोजिमका व्यक्तिहरूलाई तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

क) अंकित सहरा वडा नं. १८(क्यान्सर) २५ हजार

ख) भूवन चौधरी वडा नं. ८(मृगौला) २५ हजार

ग)रुद्रबहादर बुढाथोकी प्रेशरले हानेको वडा नं. १८ लाई १५ हजार

घ) पुष्पा लामीछाने रुखबाट लडेर चोट लागेको वडा नं. १० लाई २० हजार

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

ङ) देबिलाल कामी मृगौला पिडित वडा नं. १६ लाई २५ हजार

च) यज्ञश्वर ढकाल मानसिक रोग वडा नं. ७ लाई ७ हजार

छ) गौरी डागी(मृतक) चट्याङ्गबाट वडा नं. २ लाई २५ हजार

ज) दिपलभ चौधरी तातोपानीले पोलेको वडा नं. ११ लाई १५ हजार

झ) दिपा बिक डेगो रोग लागेको वडा नं. १ लाई १५ हजार

ञ) दोर्ण बहादुर बुढाथोकी वडा नं. १७ लाई २५ हजार

ट) शोभा ज्ञवाली ढाड भाचिएको वडा नं. ६ लाई २५ हजार

ठ) गेहेन्द्र बहादुर खडकाको दाजु शंकर खडकाको दाहसंस्कार खर्च वडा नं. ५ लाई २० हजार

ड)अ.ने.म संघ तुलसीपुर नगर कमिटी(तीज बशेष खर्च) लाई २० हजार

ढ) घनि घर्ती स्तन क्यान्सर वडा नं. १४ लाई २५ हजार

ण) मणि बिष्ट खुट्टा भांचिएको वडा नं. ११ लाई १५ हजार

त) पम्फावति चौधरी मृगौला पिडित वडा नं. १४ लाई २५ हजार

थ) तुमा थापा फोक्सोको क्यान्सर वडा नं. ३ लाई २५ हजार

द) अनेम संघ क्रान्तीकारी तिज विशेष । लाई १५ हजार

ध)देवी थापा वडा नं. ७ स्तन क्यान्सर रु २५ हजार

निर्णय नं. २६

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने हिमबहादुर डडागी समेत विपक्षी भई तुलसीपुर उपमहानगरपालिका समेतका नाममा श्री उच्च अदालत तुलसीपुरमा परेको ०७९-WO-००६३ नं मुद्दामा बहश पैरवी गरे बापत एस.डि. फर्मका नाममा रु ८००००।।(असिहजार मात्र) पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो । र तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ समेतलाई विपक्षी बनाई श्री दाङ्ग जिल्ला अदालतमा परेको मुद्दा नं. ०७७-CP-०१२५ मा बहश पेरवी गरे बापत ८ नं. वडा कार्यालयको च.नं. ५१२४ मिति २०७९।३।१४ को सिफारिस पत्र बमोजिम वरिष्ठ अधिवक्ता श्री डिल्लीराज धितालालाई रु ६५०००।(पैसठ्ठी हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।



राम बहादुर के.सी.

मिति २०८० भाद्र ३० गते शनिबार (वि.सं.२०८०।५।३०) तुलसीपुर उपमहानगरपालिकाको १५औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. २७

संविधान सभाका सभामुख एवं नेकपा एमालेका उपनेता सुभाषचन्द्र नेम्वाङको मिति २०८०।५।२६ गते ७१ वर्षको उमेरमा भएको दुखद निधन प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्ने निर्णय गरियो ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत